# मण्डनदेउपुर नगरपालिका
## MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल।
Bagmati Province, Nepal

☎ ०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


**विषय: Female Sexed Semen ७५% अनुदानमा वितरण गर्ने सम्बन्धी सूचना ।**

(प्रकाशन मितिः २०८०/०८/२४)

उपर्युक्त विषयमा मण्डनदेउपुर नगरपालिका पशु सेवा शाखाबाट वितरण हुने **Female Sexed Semen** **(बाच्छी मात्र जन्मने विर्य)** प्रयोग गरी कृत्रिम गर्भाधानको माध्यमबाट उन्नत नश्लका बाच्छी उत्पादन गर्न ईच्छुक यस नगरपालिका क्षेत्रभित्र रहेका पशु पालक कृषक/पशुपालन समूह/सहकारी/व्यावसायिक पशुपालन फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/०९/०९ गते) सम्म कार्यालय समय भित्र आफुलाई आवश्यक पर्ने सिमेन परिमाण तपसिलको कागजात सहित यस शाखामा निवेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीका लागि मण्डनदेउपुर नगरपालिका पशु सेवा शाखा वा मोइवल नं. ९८५१२५५२५३ मा सम्पर्क गरी आवश्यक जानकारी लिन सक्नु हुनेछ ।

तपसिल

| क्र. स. | कार्यक्रम विवरण | अनुदान ७५% | साझेदार २५% |
|---|---|---|---|
| १ | ७५% अनुदानमा **Female Sexed Semen** वितरण | नगरपालिका कार्यालय (प्रति सिमेन स्ट्र रु.३०००) | कृषक वा साझेदार संस्थाहरु (प्रति सिमेन स्ट्र रु. १०००) |

आवश्यक कागजात

१. सिमेन माग निवेदन ।
२. आफुले पालेका प्रजनन् योग्य गाई संख्या ।
३. नेपाली नागरिकताको प्रतिलिपी ।
४. पशुपालन समूह/सहकारीको हकमा सिमेन माग खुलेको निर्णयको प्रतिलिपी, र फर्म/समुह दर्ता/नविकरणको प्रतिलिपी, पान नं. र कर चुक्ता ।
५. वडा कार्यालयको सिफारिस पत्र ।
६. यस सम्वन्धी अन्य शर्त तथा नियमहरु कृषक र नगरपालिका बिचको सम्झौता बमोजिम हुनेछ ।

**नोटः- समय सिमा भन्दा पछि वा रित नपुगी आएका निबेदन कार्यक्रममा समावेस गरिने छैन ।**
**- निवेदन पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम मिति मानिनेछ ।**

०८०/८/२४
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधी शाखा, मण्डनदेउपुर नगरपालिका (विद्युतिय माध्यमबाट सूचना सम्प्रेषण गर्नु हुन)